# विपश्यना

साधकहरूका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४० माघ २०५३ वर्ष १३ अङ्क १०

## धम्मवाणी

अभिवादनसीलस्स, निच्चं वद्धापचायिनो ।
चतारो धम्मा वड्ढन्ति, आयु वण्णो सुखं बलं ॥

जो अभिवादन शील छ, जस्ले सदैव बृद्ध व्यक्तिहरूको सेवा गर्दछ, उसको चार गुणहरू बृद्धि हुन्छ – आयु, वर्ण, सुख र बल ।

## यस्तो थियो सयाजी ऊ बा खिन ।

परम सत्यनिष्ठ, परम कर्मनिष्ठ, परम धर्मनिष्ठ हुनुहुन्थ्यो परम पूज्य गुरुदेव ।

उनी निष्कलंक शीलवंत थियो । एक आदर्श विपश्यना आचार्यको सर्वथा अनुकूल, इमान्दार र प्रामाणिकताबाट परिपूर्ण । लामो समयको सरकारी सेवा कालमा उनले आफ्नो छवि, उंज्वल-चरित्रको आंचलमा अलिकति पनि दाग बस्न दिएनन् । सदाचारलाई दुषित बनाएर परिस्थितिसंग सम्झौता गर्नु उनको लागि असंभव नै थियो ।

एकदम आर्थिक अभावमा दिन बितिरहेको थियो । घरमा कान्छा बिरामी थियो । असल डाक्टर जचाउन पैसा थिएन । यसै समयमा मांडलेको रेल्वे स्टेशनमा बम बर्षा भयो । स्टेशन तहस नहस भयो तर ढुकुटी बचेको थियो । रेल्वेको स्थानीय चीफ एकाउन्टेण्ट ऊ वा खिन थियो । यस्तो अवस्थामा पनि त्यहाँको सम्पूर्ण पैसा निकालेर वर्मावाट भाग्नै लागेका ब्रिटिस सरकारको उच्च रेल्वे अधिकारीलाई सुम्पिदियो । यता जापानी सेना बढ्दै थियो । यस्तो अराजकताको समय थियो, उनले पैसा नबुझाए तापनि ऊ वा खिनसँग कसले सोध्थ्यो र पैसा कहाँ गयो ? बम बर्षामा ढुकुटी बचेको थियो, पैसा बचेको कसले शोधपुछ गरोस् ?

साधारण व्यक्तिको लागि यो रकम खानु मामुली कुरा थियो । तर बोधिसत्व ऊ वा खिनको लागि पारमी पुरा गर्नु थियो । उनलाई आफ्नो शीलपारमी पूरा गर्नु थियो, उनले मात्र यस्तो त्याग स्वीकार गर्न सक्दथ्यो । यदि त्यो सरकारी सम्पत्ति खाएको भए, उनलाई खानु एकदम सरल थियो, ऊ वा खिन ऊ वा खिन हुने थिएन ।

बर्मी स्वतन्त्रता पश्चात, वर्माको प्रथम एकाउन्टेण्ट जनरलको हैसियतले आफ्नो कार्यालय कोठामा विपश्यना शिक्षण शुरुवात गरेर सयाजीले त्यस विभागमा सुधार गर्‍यो । उनको इमान्दारी जनताको चर्चाको विषय बन्यो । त्यस समय वर्माको प्रधानमन्त्री ऊ नु थियो । धार्मिक र ईमान्दार व्यक्ति । उसलाई थाहा थियो कि देशको प्रशासन भ्रष्टाचार र कार्य-असक्षमताले मुक्त भएमा देशवासीहरूको ठूलो कल्याण हुनेछ । त्यस समय शासनको "राज्य कृषि-वाणिज्य निगम" को व्यवस्था एकदम बिग्रेको थियो ।

किसानहरूसँग धान खरीद गरी त्यसलाई कुटेर, पिसेर विदेशमा चामल निर्यात गर्ने एकाधिकार यस निगमलाई थियो । जुन मूल्यमा धान खरीद गरी बिक्री हुन्थ्यो त्यसमा दुगुणाभन्दाबढी नाफा थियो । तैपनि निगम हरेक साल घाटामा परिरहेको थियो ।

युद्ध पूर्व वर्माको धान र चामलको सारा ब्यापार अंग्रेज र भारतीहरूको हातमा थियो । स्वतन्त्रता पश्चात सरकारले यस मूख्य ब्यापारलाई राष्ट्रियकरण गर्‍यो । र यस कुराको सम्पूर्ण अभिभारा यस निगमलाई सुम्पिदियो । जुन बर्मी अधिकारीहरूले यसलाई चलाएको थियो । उनीहरूमा व्यावसायिक अनुभव थिएन । व्यावसायिक निपुर्णताको अभावको कारण गोदाममा धेरै नै धनमालको नोक्सान हुन्थ्यो । तर यसको साथ साथै मिल मालिक र विदेशी ग्राहक बीचको मिलोमतोले भ्रष्टाचारको अखडा बनेको थियो । यसैकारण राज्यलाई नोक्सान हुन्थ्यो । लेद-देन र स्टकको हिसाव पनि राम्रोसंग थिएन । यसैकारण खरीदको तुलनामा यति बढीरुपैयामा माल बिकेको भए पनि घाटाको कारण के थियो ? कसैले बुझ्न सकेको थिएन ।

प्रधानमन्त्री ऊ नु ले वास्तविकता जान्नको लागि सयाजीको अध्यक्षतामा एउटा जाँच समिति गठन गर्‍यो । साधारणतया यस्तो जाँच समितिको सदस्य पनि भ्रष्टाचारको धारामा हात धुन पछि पर्दैनथ्यो । तर यहाँ त ऊ वा खिनको अध्यक्षतामा काम भैरहेको छ । निगमको कमजोरी र सारा भ्रष्टाचारका पोलहरू यो वोधिसत्वले सामुन्ने ल्याइदियो । साथ-साथै सुधारको लागि क्रियात्मक सुझाव पनि प्रस्तुत गर्‍यो । जुन निगमको बिग्रेको ढाचामा आमूल परिवर्तनको लागि थियो । प्रधानमन्त्रीलाई लाग्यो कि यस्तो सुझावको कार्यान्वयन ऊ वा खिन जस्ता धर्मपुरुषले मात्र गर्न सक्नेछ उसले सयाजीलाई नै चुन्यो । पार्टीका भ्रष्ट राजनेता एवं भ्रष्टाचारमा संलग्न ब्यापारीहरूको हजार विरोधको वावजुत पनि ईमान्दार प्रधानमन्त्रीले ऊ वा खिनलाई वोर्डको उपप्रधान बनाउने निर्णय गर्‍यो । तर सयाजीले यसलाई स्वीकार गरेन । उनलाई थाहा थियो कि वोर्डको अध्यक्ष परम्परा अनुसार वाणिज्य मन्त्री हुन्छ जो कि राजनेता

Downloaded from http://www.dhamma.digital

थियो । अधिक आशंका यसै कुरामा थियो कि सुधारको लागि चालिने कडा भन्दा कडा कारवाहीमा त्यही व्यक्ति वाधक हुनेछ । यस्तो धन भित्रिने पदमा राजनेताहरूबाट राजनैतिक कार्यको लागि दुरूपयोग भै नै रहेको थियो । अत: यत्रो ठूलो बोझ उठाउनको लागि स्वतन्त्रतापूर्वक काम गर्न पाउने वातावरण हुनु जरुरी थियो । इमान्दार प्रधानमन्त्रीले सबै कुरा बुझ्यो । परम्परालाई तोडेर सयाजीलाई बोर्डको अध्यक्ष घोषित गरिदियो । चामलको ब्यापार बर्माको आर्थिक मेरुदण्ड थियो । जसको एकाधिकार त्यस बोर्डको अधिनमा थियो । त्यसलाई सुधार नगरी देशको आर्थिक विकास संभव नै थिएन । त्यसलाई ऊ वा खिन जस्तो निर्दोष निर्भयी र निष्पक्ष व्यक्तिले नै सुधार्न सकिन्थ्यो ।

यस सरकारी घोषणाले बोर्डका अधिकारी वर्गमा खलबली पैदा गऱ्यो । जसले बोर्डको सारा पोल खोलेको थियो र उनीहरूको कुनियत र अब्यवस्थाको पर्दाफास गरेको थियो आज त्यही ब्यक्ति बोर्डको अध्यक्ष बनाइदिएकोले उनीहरूलाई असह्य भएको थियो । अत: सबै अधिकारीहरू मिलेर हडताल गर्ने धम्की दियो । तर प्रधानमन्त्री उनीहरूको धम्कीबाट कत्ति पनि डराएन । ऊ आफ्नो निर्णयमा दृढ थियो । ऊ वा खिन पनि यस विषयमा स्थितिको सामना गर्न तयार थियो । अत: उसलाई अध्यक्ष बनाइयो । अधिकारीहरूले पनि आफ्नो योजना अनुरूप हडताल घोषणा गऱ्यो ।

बर्माको सबैभन्दा ठूलो ब्यावसायिक निगम जसमा सालाना अरबौं रुपैंयाको कारोवार हुन्छ, त्यसको सर्म्पूर्ण अधिकारी वर्ग हडताल गरेर बस्छ भने सम्पूर्ण काम ठप्प हुन जान्छ । तर धर्मवानलाई धर्मले सहायता गर्छ । ऊ वा खिनले हार मानेन । सम्पूर्ण क्र्लक र मजदूरहरू कामको लागि आइनै रहेको थियो । केवल अफिसरहरूको हडताल थियो । हडताल चलि नै रहचो, बोर्डको काम पनि नियमित चलि नै रहचो । आफ्नो लेखा-जोखा विभागका केही विश्वासी अधिकारीहरूको सहयोगबाट गऱ्यो र बोर्डको सम्पूर्ण काम साधारण क्लर्क कर्मचारीहरूबाट भयो । हडताली अधिकारीहरू हैरान भए । उनीहरूले सोचेको थियो कि यत्रो ठूलो निगमको काम विना अधिकारी संभव नै छैन । ऊ वा खिनले अवश्य पनि घुंडा टेक्ने छ । तर ऊ वा खिनको समता, मैत्री र सत्यपरायनताले सम्पूर्ण काम शुलभ भयो । अन्तत: अधिकारीहरू हार खाएर हप्ता दिन पश्चात विना शर्त हडताल भंग गरेर काजमा हाजीर भए ।

हडतालीहरूको प्रति यस सत पुरुषको मनमा कति पनि द्वेष थिएन । उसको मन करूणाले भरेको थियो । कठोरता केवल कर्तब्य परायणको लागि थियो । भ्रष्टाचार उन्मूलनको लागि थियो । गलत बाटोमा परेकाहरूको सुधार गर्नु आवश्यक थियो । तर उनीहरू प्रति मनमा प्यारै प्यार मात्र थियो । दण्ड दिएर मात्र संसारमा केही पनि सुधार हुन सक्दैन । सुधार प्रेमभावले मात्र सम्भव छ । गुरुदेवले ती भट्केका अफिसरहरू प्रति असीम मैत्री भावको परिचय दियो । सम्पूर्ण कार्यालयमा सद्भावना र सौमनश्यताले छायो । ती मध्ये अनेकौंलाई विपश्यना शिविरमा बस्न लगाइयो जुन-जुन दिशामा सुधारको आशा गरेको थियो, तिनीहरू सम्भव हुन थाल्यो । उनले यस बोर्डलाई सुधार्न दुई वर्ष समय मागेको थियो । दुई वर्षमा अनेक सुधार भयो । भ्रष्टाचार उन्मूलनमा, कार्यक्षमतामा, कार्य कुशलतामा, लापर्वाहीको कारण हुन जाने नोक्सानीमा, लेखा-जोखा व्यवस्थित ढंगबाट राख्ने काममा । ती दुई वर्षहरूमा चामल निर्यातबाट हुने आम्दानी र उपज नष्ट भएर हुने कम नोक्सानको जुन कीर्तिमान कायम गरे, त्यो जनताको प्रसंसाजनक चर्चाको विषय बन्यो ।

साँच्चै नै धर्मवानलाई धर्मले सहायता गर्ने रहेछ । प्रकृतिले उसैलाई साथ दिन्छ । अधिक चामल त वर्षादको समयमा नै निर्यात हुने रहेछ । अनाज ओसार्नको लागि आधुनिक उपकरणहरू त थिएन । मानव मजदुरी नै त्यसको लागि प्रयोग हुन्थ्यो । बोराका बोरा चामल पिठचूँमा बोकेर विदेशी जहाजमा लाड्दथ्यो । धेरै वर्षा भयो भने काम बन्द हुन्थ्यो । विदेशी जहाज रंगुन बन्दरगाहमा धेरै दिनसम्म रोक्नु पऱ्यो भने धेरै जरीवाना तिर्नु पर्थ्यो साथै वर्षादमा अनाज भिज्यो भने पनि, खरीद कर्तालाई हर्जाना तिर्नु पर्दथ्यो । तर अहिले त सम्पूर्ण ब्यवस्थाको मूख्य ब्यक्ति त उनै धर्म पुरुष थियो । सयाजीले जब आकाशमा वादलले ढाकेको देख्दथ्यो र त्यो दिन माल लाद्ने काम परेमा, धर्म-संकल्प गर्दथ्यो, अधिष्ठान गर्दथ्यो कि आज दिनभर पानी नपरोस्, मान्छेहरू आश्चर्यचकित हुन्थे । दिनभरी बादलले टन्न ढाकेको हुन्थ्यो तर पानी एक थोपा पनि पर्दैनथ्यो । साँझ जब माल लाद्ने काम सकिन्थ्यो र घनघोर वर्षा हुन्थ्यो । आखिर वर्षा त हुनु नै पर्छ । वर्षा विना देशमा अनाज कसरी फल्छ ? गुरुजीको मंगलमय धर्मवाणी यस्तो थियो -

**देवो वस्सतु कालेन सस्स सम्पत्ति हेतु च ।**
**फीतो भवतु लोको च राजा भवतु धम्मिको ॥**

नगदी बालीको लागि वर्षा प्रसस्त होस्, शासक धार्मिक होस् र प्रजा खुसी होस् ।

गुरुदेवको यो मंगल कामना खुब फलदायी हुन्थ्यो । वर्षा प्रसस्त हुन्थ्यो तर माल लाद्ने समयमा रोक्दथ्यो । सारा प्रकृतिले साथ दियो । आखिर सम्पूर्ण ब्यवस्थाको प्रमुख धर्मनिष्ठ ब्यक्ति जो थियो ।

ब्यक्ति अवश्य सफल हुन्छ । धर्ममा पुष्ट भएमा, अल्छि स्वभाव नभएमा, कर्मठ, ब्यवहार-कुशल भएमा, निस्वार्थ र जन सेवाभावी भएमा धर्मको सारा शक्तिले उसलाई मद्दत गर्छ नै । यही नै धर्मको महानता हो ।

(साभार: हिन्दी विपश्यना पत्रिका, पौष पूर्णिमा १९९१) — कल्याण मित्र, स.ना.गो.

## अनुमोल धाराको रिश्वत पनि अस्वीकार

कलकत्ताको एक ठूलो ब्यापारी राज्य कृषि-वाणिज्य निगम (S.A.M.B.) लाई हरेक वर्ष जुटको बोरा (Gummy Bags) अधिक मात्रामा सप्लाई गर्दथ्यो । गुरुजीको अध्यक्षताको समयमा पनि उसले एउटा ठूलो टेण्डरमा भाग लियो । उसको मूल्य सबभन्दा कम थियो । नियम अनुसार उसलाई टेण्डर मिल्नु पर्ने नै थियो । तर S.A.M.B. संगको उसको ब्यापारीक अनुभव धेरै थियो । उसले त्यहाँको चाल चलन सबै बुझेको थियो । सबभन्दा कम मूल्यको टेण्डर

Downloaded from http://www.dhamma.digital

भए तापनि त्यहाँको ठूला वडा अफिसरहरूको पेट पूजा नगरेसम्म कुनै न कुनै दोष देखाइ टेण्डर रद्द गर्दथ्यो । र मौका दिदैनथ्यो । अडर अरूलाई नै दिन्थ्यो । यस कुराको उसलाई धेरै अनुभव थियो ।

अव त सर्वोच्च पदमा ऊ वा खिन छ । उसले सुनेको थियो कि यो मान्छेले घूस लिन्दैन । ऊ मन मनै खुसी भयो । सबै नयाँ नयाँ अफिसरहरू यस्तै धाक जगाउँथ्यो । नगद नारायण कसलाई मन पर्दैन ? एक करोडभन्दा बढीको टेण्डर थियो । एक प्रतिशत रकमले पनि धेरै पैसा हात पर्थ्यो । घर आएको लक्ष्मीलाई कसले अस्वीकार गर्छ र ? ऊ साँझ पख गुरुजीको घर गयो । गुरुजी कुनै मिटिङ्गमा व्यस्त थियो । घर ढीलो पुगेको थियो । आउने बित्तिकै आफ्नो सानो बैठक कोठामा त्यस मान्छेलाई देख्यो त एकदम झोक्कियो ।

"तिमीलाई थाहा छैन ! हाम्रो नियम छ - कुनै पनि व्यापारी कुनै पनि अफिसरको घरमा भेट्ने छैन । जुन काम छ त्यसको लागि अफिस कोठामै भेट्नु पर्छ ।"

"सयाजी नरिसाउनु होला । म त कलकत्तामा बस्ने मान्छे, मलाई तपाईंको नयाँ नियम के थाहा ?"

"तँ ! गईहाल । भोलि अफिसमा भेट्नु ।"

"तर सयाजी यो सानो भेंट स्वीकार्नु होला । अरू कुरा भोलि अफिसमा गरौंला ।"

यत्ति भनेर उसले नोटले भरेको सुटकेस खोल्यो । गुरुजीलाई रिस चढी हाल्यो । ब्यापारी डरायो तर ऊ एकदम चलाख थियो । तुरुन्तै कुरा मोडिहाल्यो -

"सयाजी यो उपहार तपाईंको लागि ल्याएको होइन तपाईंको ध्यान केन्द्रको लागि हो । तपाईं त्यहाँ त्यस्तो राम्रो लोकसेवाको काम गर्दै हुनुहन्छ ।"

"निस्किहाल बाहिर !"

गुरुजीको वचन कडा थियो ।

"तिमीलाई थाहा छैन, ध्यान केन्द्रमा केवल साधकले मात्र दान दिन सक्छ । त्यो पनि घरमा होइन, आश्रममा ।"

ब्यापारी अकमक्क भयो । हतार-हतार सुटकेस बन्द गर्‍यो । गुरुजीले अब करूण स्वरमा भन्यो । "मलाई थाहा छ तिमी त्यस्तो परम्पराबाट प्रभावित भएर यस्तो काम गर्ने दुस्साहस गरेका हौ । भाग्यमानी सम्झ कि मैले तिम्रो विरूद्ध पुलिस बोलाएन । जाऊ । अब भविष्यमा यस्तो काम गर्ने दुष्प्रयास नगर । थाहा छ, हाम्रो देशमा घूस लिने र दिने दुवै अपराधी मानिन्छ र उनीहरूलाई कडा कारवाही गरिन्छ ।"

बिचरा ब्यापारीको त होस हवास गुम भयो । पसिनाले लतपट भयो । सुटकेस हातमा लिएर हत्तनपत्त बाहिर निस्क्यो र होटलमा पुगेपछि मात्रै सुखको श्वास फेर्‍यो ।

दोस्रो दिन S.A.M.B. को अफिसमा उसलाई जुट बोरा पठाउन गर्ने अर्डर हातमा दियो । उसले देख्यो कि त्यसमा एक दिन पहिलेको मिति थियो । सयाजीलाई थाहा थियो कि अर्डर उसलाई दिइसकेको छ, तापनि कोशेली स्वीकार गरेन ! ऊ अवाक्क पर्‍यो ।

दोस्रो दिन कुनै कामले मसंग भेट भयो र सम्पूर्ण राम कहानी सुनायो र भन्यो कि तिम्रो गुरुजी त वडो अजीवको रहेछ । उसले त अनुलोम धाराको कोशेली पनि स्वीकार गरेन । घूसखोर ब्यापारी र अफिसरहरूको भाषामा अनुलोम धाराको कोशेली भन्नाले त्यस्तो हो, जुन कुराले सरकारलाई कुनै हानी हुँदैन र दिने ब्यक्तिले पनि विना दवाब खुसीले दिएको हुन्छ । प्रतिलोम भन्नाले घूस लिनेले अनेक चालवाजी गरी राज्य, सरकारलाई नोक्सान हुने गरी लिएको घूस भन्ने बुझिन्छ ।

अनुलोम होस कि प्रतिलोम घूस त घूस नै हो । सयाजी ऊ वा खिन जस्तो सन्त पुरुष जसले त्यो मशाल उठाएको छ कि, त्यस विभागमा भ्रष्टाचार उन्मूलन गर्ने, ऊ स्वयं यस्तो दुष्कर्ममा कसरी सामेल हुन सक्छ र ?

धन्य छ ! त्यो धर्म पुरुष जसले प्रलोभन त्यागेर प्रतिलोम त के अनुलोम कोशेली लिन पनि स्वीकार गरेन ।

धर्मपुत्र, स.ना.गो.

## एक दिवसीय शिविर

ने.वि.के. धर्मश्रृङ्गमा हरेक अंग्रेजी महिनाको अन्तिम शनिवार एक दिवसीय शिविर सञ्चालन हुँदै आइरहेको छ । यस शिविरमा पुराना साधक साधिकाहरूले भाग लिन सक्नु हुनेछ । शिविरको शुरूवात विहान ८ बजे र समापन साँझ ४ बजे हुनेछ । यस शिविरमा सम्मिलित हुन आउने साधक साधिकाहरूको लागि यातायातको व्यवस्था छ । वश पाटन ढोकाबाट विहान ६:१५ बजे र ज्योति भवनबाट ६:३० बजे छुट्ने छ । शिविरमा सम्मिलित हुन इच्छुक साधक साधिकाहरूले कृपया केन्द्रको कार्यालयमा सम्पर्क राख्नु होला ।

**धर्मश्रृङ्गमा आगामी महिनाहरूमा सञ्चालन हुने शिविर कार्यक्रम :**

१) निम्न कार्यक्रमहरू मध्ये आफूलाई अनुकूल शिविरमा सम्मिलित हुनु पूर्व कृपया आचार संहिता पढ्नुहोस् । कमसेकम दुई हप्ता अगाडि आवेदन-पत्र भरेर ब्यवस्थापनमा सम्पर्क राख्नुहोस् ।

२) शिविरको प्रारम्भ शुरूदिनको साँझ हुनेछ र समाप्त अन्तिम दिनको विहान करीव सात बजे हुनेछ । शिविरार्थीहरूलाई अनुरोध छ कि शिविर शुरू हुने दिनमा नै शिविर स्थलमा आउनु होला, त्यसभन्दा अगाडिको वा पछाडिको दिनमा होइन ।

३) शिविरमा आउँदा साथमा टर्च, तन्ना, सिरक ओड्ने (सल) तथा मौसम अनुकूलको लुगा र दैनिक उपयोगका सामानहरू ल्याउन नभूल्नु होला ।

४) शिविरको सञ्चालन पूज्य गुरुजीद्वारा मनोनित सहायक आचार्यबाट हुनेछ ।

५) दीर्घ शिविर :

पुराना गम्भिर साधक-साधिका यस शिविरमा सम्मिलित हुन सक्नेछ । यसको लागि कम्तिमा पाँचवटा दश दिवसीय र एकवटा सतिपट्ठान शिविर गरेको हुनु पर्दछ ।

- साधकले गत दुई वर्षदेखि नियमित अभ्यास गरेको हुनुपर्दछ ।
- यस विधि प्रति सम्पूर्णतया सर्मपित भएको हुनु पर्दछ ।

Downloaded from http://www.dhamma.digital

- शिविरमा सम्मिलित हुनको लागि कुनै पनि सहायक आचार्यले सिफारिश गरेको हुनु पर्दछ ।
- दीर्घ शिविरको साथ-साथै सामान्य दश दिवसीय शिविर पनि सञ्चालन भइरहने हुँदा स्थान सिमित मात्र छ । अतः समयमा नै आवेदन गर्नु होला ।

| | | |
|---|---|---|
| फरवरी १ - १२ (माघ १९ - फागुन १) | - | १० दिवसीय |
| फरवरी १४ - २५ (फागुन ३ - १४) | - | १० दिवसीय |
| मार्च १ - १२ (फागुन १८ - २९) | | १० दिवसीय |
| मार्च १४ - २५ (चैत्र १ - १२) | - | १० दिवसीय |
| मार्च १० - ३१ (फागुन २७ - चैत्र १८) | | २० दिवसीय |
| अप्रिल १ - १२ (चैत्र १९ - ३०) | - | १० दिवसीय |
| अप्रिल १४ - २४ (वैशाख १ - ११) | - | सतिपट्ठान |
| अप्रिल २४ - २८ (वैशाख ११ - १५) | - | ३ दिवसीय |

## टेलिफोन नम्वर परिवर्तन भएको जानकारी

धम्मगिरी, इगतपुरीको टेलिफोन नम्वर परिवर्तन भएको छ ।

| | पुरानो | नयाँ |
|---|---|---|
| STD | ~~(०२५३३)~~ | (०२५५३) |
| फोन | ~~४०७६~~ | ८४०७६ |
| | ~~४०८६~~ | ८४०८६ |
| | ~~४३०२~~ | ८४३०२ |
| फ्याक्स | ~~४१७६~~ | ८४१७६ |

# धर्म गाथा

### हिन्दी

नमन करूँ गुरुदेव को, कैसे संत सुजान ।
कितने करूणा चित्त से, दिया धरम का दान ॥

अहो भाग्य ! सद्गुरु मिले, कैसे संत सुजान ।
मार्ग दिखाया मुक्ति का, शुद्ध जगाया ज्ञान ॥

गुरुवर ! अंतरजगत में, जगी सत्य की ज्योत ।
हुआ उजाला, धर्म से, अन्तस ओतप्रोत ॥

गुरुवर ! तेरे चरण की, धूल लगे मम शीश ।
सदा धरम में रत रहूँ, मिले यही आशीष ॥

गुरुवर तेरे पुण्य का, कैसा प्रबल प्रताप ।
जागा बोध अनित्य का, दूर हुए भव-ताप ॥

धन्य ! धन्य ! गुरुदेव जी, धन्य ! बुद्ध भगवान ।
शुद्ध धर्म ऐसा दिया, होय जगत कल्याण ॥

**मंगल कामना सहित**
मदन कृष्ण कायस्थ
रोडहाउस, क्याफे, ठमेल
फोन नं. २२९१८७

### हिन्दी

नमस्कार गुरुदेव को, कैसे संत सुजान ।
कितने करूणा चित्त से, दिया धरम का दान ॥

सत्गुरु की संगत मिली, मिला धरम का सार ।
जीवन सफल बना लिया, मन का मैल उतार ॥

कितने दिन भटकत फिरे, अंधी गलियों मांहि ।
अब तो पाया राज-पथ, वापस मुड़ना नाँहि ॥

शील मांहि कल्याण है, है समाधि कल्याण ।
प्रज्ञा तो कल्याण ही, प्रगटे पद निर्वाण ॥

यह तो वाणी बुद्ध की, शुद्ध धरम की ज्योत ।
अक्षर-अक्षर में भरा, मंगल ओत प्रोत ॥

आयो मानव-मानवी, चलें धरम के पंथ ।
इस पथ चलते ज्ञानी-जन, इस पथ चलते संत ॥

**मंगल कामना सहित**
भाजुरत्न फर्मा
वीरगञ्ज ।

*सम्पादक* : रोशनी शाक्य, *प्रकाशक* : नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५ / ३७१००७ *२०५३ माघ*
*सम्पर्क स्थान* : श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९० / २-२३९६८ / २-४८९४९ / २-५०५८१
*मुद्रक* : **नेपाल प्रेस**, शुक्रपथ, काठमाडौं, नेपाल । फोन : २२१० ३२, फ्याक्स : (+९७७-१) २२५ ४५०

साधकको नाम : ..............................................

ठेगाना : ..............................................

जि.प्र.का.द.नं. ३८/५१/५२
हुलाक द. नं. १४/५१/५२

● वार्षिक शुल्क रू. २४/-

Downloaded from http://www.dhamma.digital